FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)
# गैर आवासीय नेपाली संघ

Ref.: N-144108

मिती: २०६५ श्रावण ७

सम्माननीय उपराष्ट्रपति परमानन्द झाज्यू,
संघिय लोकतान्त्रीक गणतन्त्र नेपाल
उपराष्ट्रपतिको सचिवालय
बहादुर भवन, काठमाडौं ।

सम्माननीय उपराष्ट्रपति महोदय,

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम उपराष्ट्रपतिको गरिमामय पदमा ऐतिहासिक संविधानसभाबाट निर्वाचित हुनु भएकोमा गैरआवासीय नेपाली संघको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछु ।

सबै जाति, वर्ग, क्षेत्र र समुदायलाई समेटेर नयाँ लोकतान्त्रिक संविधान निर्माण गर्ने अत्यन्त चूनौतिपूर्ण क्षणमा यहाँ जस्तो कानुनी क्षेत्रको गहिरो अनुभव बोकेको व्यक्ति मुलुकको गरिमामय पदमा निर्वाचित हुनेले नेपालको संवैधानिक प्रक्रियालाई बल पुऱ्याएकोछ । यहाँको कुशल नेतृत्वमा नेपालमा सहमति र समझदारीको परम्पराले निरन्तरता पाई मुलुक समृद्धी तर्फ उन्मुख हुनेछ र देश विदेश सबैतिरका नेपालीको लोकतान्त्रिक, समावेशी एवं शान्त नेपालको साझा सपना साकार हुनेछ भन्ने हामीले विश्वास राखेक छौं ।

गैरआवासीय नेपाली संघले विश्वभरी छरिएर रहेका नेपालीहरुलाई एकिकृत गर्दै नेपालको सामाजिक र आर्थिक रुपान्तरणमा आफ्नो भूमिकाको खोजिगर्न उत्प्रेरित गर्ने उद्धेश्य लिएको छ । यस कार्यमा उपराष्ट्रपति महोदयको मार्गदर्शनको हामीले अपेक्षा गरेका छौं । मुलुकको उन्नति, प्रगति र आत्मसम्मान बढाउने कार्यमा सबै गैरआवासीय नेपालीहरुबाट र विशेष गरी संघको तर्फबाट यहाँलाई पूर्ण सहयोग उपलब्ध हुने विश्वास समेत दिलाउन चाहन्छौं ।

उपराष्ट्रपति महोदयको कार्यकालमा नेपालले विश्वभरी आफ्नो छवी उच्च पार्न सकोस यही हाम्रो अभिलाषा छ । यहाँको व्यक्तिगत सुस्वास्थ्य एवं सम्पूर्ण नेपाली जनताको सुख, समृद्धि एवं प्रगतिको कामना गर्दछौं ।

भवदीय,

Non-Resident Nepali Association NRN Kathmandu, Nepal

डा. उपेन्द्र महतो
(अध्यक्ष)

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg, Teku, P O Box 269, Kathmandu, Nepal.
Tel: (+977-1) 4215247 / 4262061 / 4262218, Fax: (+977-1) 4215247, Email: nrn@nrn.org.np, URL: www.nrn.org.np